लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, ई. एण्ड टे. कम इन्जिनियरिङ्ग, एघारौं, निर्देशक पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०८।२०

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषयः सेवा सम्बन्धी

प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**Section "A"** **35 Marks**

1. Explain the communications, navigation and surveillance (CNS) for Air Traffic Management (ATM) with examples. How can you arrange communications and coordination with stakeholders for installation and maintenance of CNS? Explain with examples. 6+9=15
2. How can you ensure the reliability and accuracy of X-ray equipment installed to check the contents of a baggage? What are the main specifications of such equipment? What are IATA standards? How can aviation industry be further developed in developing countries? What are the challenges for Nepal to comply with IATA/AIDX standards? How are the Power supplies systems made reliable in Airport? Explain with reference to TIA. 3+2+3+2+5+5=20

**Section "B"** **35 Marks**

3. Explain the roles of ICAO, ITU and WRC in aviation radio spectrum management with practical examples. How are the frequencies for civil aviation purposes being allocated by ITU? 15
4. As a project manager of Civil Aviation Authority of Nepal, prepare the action plan regarding. 20
   i) Ground to Air Communication
   ii) Airport Power Supply System
   iii) Baggage Handling System
   iv) Coordination to ITU and ICAO regarding frequency assignment and airport standards

Contd...

## Section "C" — 15 Marks

5. Answer the following: 5+5+5=15

   a) Differentiate between ICB and LCB.

   b) Give an outline of procedures to be followed while processing goods and services.

   c) How is the contract dispute resolved in case of ICB procurement?

## Section "D" — 15 Marks

6. Answer the following: 5+5+5=15

   a) Design organization structure for safety oversight of ANS.

   b) Differentiate between the roles of regulator and service providers.

   c) Which are the main ICAO Annexes applicable for the safety of aircraft?

**- The End -**

## लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, ई. एण्ड टे. कम इन्जिनियरिङ्/एयर ट्राफिक सर्भिसेस, एघारौं, निर्देशक पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०८।१९

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषयः सार्वजनिक प्रशासन र विकास

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई क्षेत्रमा अति आवश्यक जनशक्ति, जस्तै Pilots, Aeronautical Engineers, Aircraft Maintenance Engineers आदिको प्रक्षेपण (Projection) र व्यवस्थापन कसरी गर्ने गरेको छ? विवेचना गर्दै विद्यमान व्यवस्थामा के-के सुधार गर्नुपर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । ७+८=१५

२. व्यवसायिक शासन प्राणालीको नेपालको अवस्थाका बारेमा समीक्षा गर्दै यसलाई प्रभावकारी, नतिजामूलक, सेवामुखी र जवाफदेही बनाउनमा देखिएका बाधा पहिचान गरी ती बाधा कसरी हटाउन सकिन्छ? विवेचना गर्नुहोस् । ५+४+६=१५

३. निर्णय प्रकृया सहज होस्, जनतालाई छिटो, छरितो तरिकाले सेवा तथा वस्तु उपलब्ध गराउन सकियोस् भनेर नेपालमा सार्वजनिक संस्थाहरू (Public Corporations) स्थापना गरिएका छन् । तर अधिकांश सार्वजनिक संस्था घाटामा गएको कारणले एकातर्फ सरकारले यिनीहरूको सञ्चालनमा करोडौं रूपैयाँ खर्चनु पर्ने अवस्था रहेको छ भने, अर्कोतर्फ जनताले महंगो तर कम गुणस्तरका वस्तु तथा सेवा उपभोग गर्नुपर्ने साथै निजीक्षेत्रको Monopoly, Cartelling जस्ता समस्याबाट पिडित हुन परेको छ ।

सार्वजनिक संस्थाहरूको सञ्चालनमा रहेका मूलभूत समस्याहरू के-के हुन्? ती समस्या सम्बोधनको लागि विद्यमान कानूनी संरचना र व्यवस्था के-के रहेका छन्? सार्वजनिक संस्थाको विकास र सक्षमता बृद्धिको लागि के गर्नु पर्ला? व्यवहारिक र कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्नुहोस् । ६+६+८=२०

### खण्ड "ख" — ५० अङ्क

४. सार्वजनिक संस्थानहरूले आफ्नो उद्देश्य अनुरूपको कार्यसम्पादन गर्न, क्षमता अभिवृद्धि गर्न एवं सेवा प्रवाहलाई समयानुकुल बनाउन समय समयमा तत्काल नै वस्तु तथा सेवाको खरिद गर्नुपर्ने हुन्छ । तर ऐनमा रहेका प्रावधानबमोजिमको प्रकृया पूरा गर्दा निजी क्षेत्रका उस्तै प्रकृतिका सेवा प्रवाह गर्ने निकायसँग प्रतिष्पर्धा गर्न कठिन हुन्छ भनिन्छ । के वर्तमान खरिद ऐनको प्रावधानले व्यापारिक क्षेत्रका सार्वजनिक संस्थानलाई बाधा पारेको वा बहाना मात्र हो? यस ऐनका त्यस प्रकारका प्रावधानको सन्दर्भ जोडी समीक्षा गर्नुहोस् । ५+१०=१५

क्रमशः ...

५. उडान योग्यता प्रमाणपत्र (Certificate of Air Worthiness) लिनको लागि वायुयानले के-के शर्तहरू पूरा गरेको हुनुपर्दछ? हवाई यातायातको सुरक्षालाई ध्यानमा राख्दै त्यसमा के-के सुधार गर्नुपर्ला? नागरिक उड्डयन नियमावली, २०५८ मा भएका प्रावधानको आधारमा विश्लेषण गर्नुहोस् । ६+९=१५

६. नेपाल वायुसेवा निगममा रणनीतिक साझेदार भित्र्याउने विषयमा लामो समयदेखि बहस हुँदै आएको छ । कोही रणनीतिक साझेदारको खोजी गर्न ढिलो भइसकेको तर्क गर्दछन् भने, कोही यो नेपालको एकमात्र राष्ट्रिय ध्वजाबाहक भएकोले यसलाई पूर्णरूपमा सरकारले नै लगानी गरी संचालन गर्नुपर्दछ भन्छन् । निगमलाई प्रभावकारी व्यवस्थापनमार्फत नतिजामुखी कार्य गर्न सबैतिरको सहयोग हुनुपर्ने मत निगममा कार्यरत कर्मचारीहरूको पनि रहेको छ । अहिले निगम ठूलो घाटाको अवस्थाबाट गुज्रिरहेको र ऋणको भार बढ्दै गएर थप जोखिमपूर्ण अवस्थामा पुग्ने आंकलन गर्न थालिएको छ । सुधारको दोबाटोमा रहेको निगमको वर्तमान अवस्थाको समीक्षा गर्दै देखिएका समस्याहरू समाधान गर्न के-कस्ता कार्यक्रम र योजना हुनुपर्दछ? कार्यान्वयन योजनासहित सुझाव दिनुहोस् । ५+८+७=२०

:: समाप्त ::